# योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयन सम्बन्धमा सामाजिक सुरक्षाकोषको प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट २०७५ साल मंसिर ११ गते शुभारम्भ भएको योगदानमा आधारित सामाजिक सुरक्षा योजना, २०७६ श्रावण १ गते देखि औपचारिक रुपमा कार्यान्वयनमा आएको छ । यसबाट नेपालको संविधानको धारा ३४ को उपधारा (२) अनुसार योगदानमा आधारित सामाजिक सुरक्षा पाउने श्रमिकको मौलिकहक सुनिश्चित गर्न महत्वपूर्ण आधार तय भएको छ ।

२०७५ कार्तिक २६ गतेको राजपत्रमा सूचना प्रकाशित गरी रोजगारदाता तथा योगदानकर्ता सूचीकरणको समयावधि दिईएकोमा नेपालको सर्न्दभमा नयाँ अवधारणा भएकोले रोजगारदाता र योगदानकर्तालाई स्वस्फूर्त रुपमा सूचीकरण हुने अवसर उपलब्ध गराउन पटक पटक गरी प्रदान गरिएको समयावधि यहि असोज मसान्तमा समाप्त भएको छ । हालसम्म कोषमा सूचीकृत भएका रोजगारदाताको संख्या ८,८१८ तथा योगदानकर्ताको संख्या १ लाख ९ सय ६८ पुगेको छ भने रु.७ करोड ६५ लाखभन्दा बढी योगदान रकम संकलन भईसकेको छ ।

सामाजिक सुरक्षा योजनाको कार्यान्वयन गर्न कोषमा सूचीकरण गराउने सन्दर्भमा काठमाण्डौ, पोखरा, बुटवल र विराटनगरमा कोष, रोजगारदाता तथा ट्रेडयुनियन समेतको त्रिपक्षिय सहभागितामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो भने कोषले देशका विभिन्न औद्योगिक क्षेत्र तथा शहरहरुमा ५ वटा तथा विभिन्न विषयगत क्षेत्रसंग सहकार्य गरी पटक पटक अभिमूखिकरण कार्यक्रम संचालन गरिएको र त्यस्ता कार्यक्रममा रोजगारदाता तथा योगदानकर्ताको उत्साहजनक सहभागिता रहेको थियो ।

यस योजनाको कार्यान्वयनको सन्दर्भमा कोषमा सूचीकृत भई योगदान आरम्भ गरिसकेको क्लोजर सिस्टम्स ईन्टरनेशनल नेपाल प्रा.लि.मा कार्यरत योगदानकर्ता सामाजिक सुरक्षा नम्बर २०७६०००३०५१ का ईन्जनियर रुपेन्द्र थापा त्यसैगरी अर्को योगदानकर्ता कैरोश क्याफे प्रा.लि.मा कार्यरत सामाजिक सुरक्षा नम्बर २०७६०००१३७९५ का प्रकाश तामाङ मोक्तानको सडक दुर्घटनामा परी दु:खद देहवसान भएको अवस्थामा निजहरुका आश्रित परिवारले आश्रित परिवार सुरक्षा योजना अन्तरगत प्राप्त गर्ने अन्तिम दाहसंस्कार खर्च एकमुष्ट रु. २५००० का दरले, मासिक निवृत्तभरण क्रमश: १७,१०० र १०२०० (आधारभूत पारिश्रमिकको ६० प्रतिशत) र निजहरुले जम्मा गरेको योगदान रकम मध्ये बृद्धावस्था सुरक्षा योजना अन्तर्गतको संकलित रकम तथा प्रतिफल समेत जोडि हुन आउने रकम एकमुष्ठ प्रदान गर्ने प्रक्रिया अगाडि बढीसकेको छ ।

त्यसैगरी कोषको संस्थागत क्षमताको विकास गरी सबै रोजगारदाता तथा योगदानकर्ता सूचीकरण भएको अवस्थामा कोषले पूर्णरुपमा योजना संचालन गर्न सक्नेगरी उच्च क्षमतायुक्त प्रविधि जडान गरी संचालनमा ल्याईएको, कोषको स्वीकृत दरबन्दीमा व्यवस्थापकीय तहका कर्मचारी सिफारिश भैसकेको र

अन्य कर्मचारीहरुको छनौटको प्रक्रिया अन्तिम चरणमा रहेको छ । सामाजिक सुरक्षा कोषको लगानी कार्यविधि सामाजिक सुरक्षा कोष संचालक समितिबाट पारित भई स्वीकृतिका लागि मन्त्रालयमा पठाइसकिएको छ । यसबाट योगदानकर्ता कर्जा (सामाजिक, शैक्षिक र घर कर्जा) समेत प्रदान गर्न सकिने व्यवस्था भएको छ ।

असोज मसान्त सम्मको समयावधि समाप्त हुनुभन्दा तीन दिन अघिको अवधिमामात्र तीन हजार पाँच सय भन्दा बढी रोजगारदाता सूचीकृत भएको, सूचीकरण हुनआउने विषयमा विभिन्न माध्यमबाट सोधपुछ तथा चासो बढेको साथै विभिन्न विषयगत क्षेत्रबाट सूचीकरणको समयावधि केही समयको लागि थप गर्न अनुरोध भई आएको छ । अतः यस सन्दर्भमा तोकिएको समयावधि (असोज मसान्त) भित्र कोषमा सूचीकृत हुनुपर्ने रोजगारदाता तथा योगदानकर्ता ठूलो संख्यामा सूचीकरण हुन बाँकि रहेको, विभिन्न क्षेत्रबाट सूचीकरणको लागि केही समय थप गर्न अनुरोध भई आएको, यही अवधिमा नेपालीहरुको प्रमुख चाडपर्व परी लामो समय सार्वजनिक विदा परेको जस्ता कारणले सूचीकरण हुन बाँकि रोजगारदाता तथा योगदानकर्तालाई सूचीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक देखिएकोले कोषले राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरेको मितिबाट एक महिनाभित्र सूचीकरण हुन आउने गरी सूचना जारी गर्ने व्यहोरा सबैमा जानकारी गराउदै सो अवधिभित्र बाँकी भएका सम्पूर्ण रोजगारदाता तथा योगदानकर्तालाई सूचीकरण हुन सुसूचीत गरिएको छ । यसबाट सामाजिक सुरक्षा योजनामा उत्साहजनक सहभागिता हुने विश्वास लिईएको छ ।

कार्यकारी निर्देशक